# लागु औषध नियन्त्रण योजना, (२०७६/७७)
# दैलेख

**१. पृष्ठभूमी:-**

दैलेख जिल्ला कर्णाली प्रदेशको राजधानी सुर्खेत संग जोडिएको छ। नेपालको भारतसंग खुल्ला सिमाना भएका कारण बाँके जिल्ला हुदै सुर्खेतबाट यस जिल्लामा लागु औषधको अबैध ओसार-पसार नियन्त्रण मूख्य चुनौतिको रुपमा रहेको छ। लागु औषध सम्बन्धि प्रकाशित समाचार र तथ्यांकलाई हेर्दा यस जिल्लामा लागु औषधको असर आम समुदायसम्म पुगेको र विशेष गरी युवा युवतीहरु लागु औषध सेवनको कुलतमा परेको पाईएको छ।
लागु औषध सेवनले घर परिवारमा झै-झगडा, कलह, सम्बन्ध विच्छेद, दुर्घटना, सामाजिक अपराध, व्यभिचार जस्ता अपराधजन्य घटनाहरु बढ्दै गएका छ न् भने कतिपयको मृत्यु समेत भएको छ । घरेलु हिंसा र विभिन्न प्रकारका दुर्व्यसनीको कारणले समाजमा अशान्ति झै -झगडा हुने गरेको छ। लागु औषधको प्रयोग र ओसारपसारबाट समाजमा हुने क्षतिलाई न्यूनिकरण गर्दै यसको प्रभावलाई शुन्य बनाउन र जिल्लामा शान्ति सुरक्षा, पारिवारिक मेलमिलाप तथा स्वच्छ सामाजिक वातावरण कायम गर्नका लागि लागु औषध निषेध र व्यबस्थापनका लागि यो योजना तयार गरिएको छ ।

**२. चुनौतिहरु:-**

- लागु औषध ओसार-पसार नियन्त्रण गर्नु ।
- लागु औषध सेवनका कारण विपन्न तथा सिमान्तकृत समुदाय खास गरेर महिलाहरुको सुरक्षामा पहुँच कायम गर्नु।
- उत्पादनशील उमेर समूहका युवा वर्गहरुमा बढ्दो लागुऔषधको प्रयोग, दुर्व्यसन तथा विक्री वितरण नियन्त्रण गर्नु।
- लागु औषध कारण उत्पन्न विभिन्न अपराध एवम् हिंसा नियन्त्रण गर्नु ।
- लागु औषध पदार्थहरुको ओसार पसारमा वालबालिकाहरुको प्रयोग, साथै विध्यालय र कलेज पढ्ने उमेरका बालबालिकाहरुलाई कुलतमा लाग्नबाट रोक्नु।
- लागु औषध नियन्त्रणको क्षेत्रमा कार्य गर्ने निकायहरु वीच आवश्यक समन्वय गराउनु ।

**३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति**

**३.१ सोच :-**

✓ लागु औषध दुर्व्यसनी मुक्त जिल्ला बनाउने।

**३.२ लक्ष्य :-**

✓ लागु औषधको प्रयोग र ओसार पसार नियन्त्रण गरी लागु औषध दुर्व्यसनीलाइ शुन्य बनाउने ।

**३.३ उद्देश्य:-**

✓ अवैध लागु औषधको कारोवार तथा विक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाइ सुरक्षित, सभ्य र समृद्ध समाजको निर्माणमा सहयोग पुर्याउनु।

**३.४ रणनीति :-**

१. अवैध लागू औषध कारोवारको अवस्था पहिचान र प्राथमिकिकरणका आधारमा नियन्त्रण गर्ने,
२. नियन्त्रणका लागि सम्बन्धित सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने,
३. अनुगमन संयन्त्र निर्माण तथा गोप्य निगरानी र अनुगमन कार्यलाई निरन्तरता दिने,

४. लागु औषध विरुद्ध सचेतनामुलक कार्यक्रम लक्षित वर्गसम्म पुग्ने गरी संचालन गर्ने,

५. अवैध लागु औषध कारोवार र गैर कानुनी विक्री वितरणलाई कानुनी दायरामा ल्याई कारवाही गर्ने ।

**३.५ कार्यनीति:-**

१. लागु औषध अपराध नियन्त्रण एवं नियमनको क्षेत्रमा कार्यरत निकायको नक्सांकन एबं पहिचान गरी लगत तयार गरिनेछ।(१),

२. अवैध लागु औषधको विरुद्ध क्रियाशिल संघ, संस्था एवम् निकायहरुलाई अवैध लागू औषधका कारण हुने अपराध नियन्त्रणमा परिचालन गरिनेछ ।(१),

३. सरोकारवालाहरुसंग समन्वयात्मक बैठक गर्ने तथा सहकार्यको वातावरण सृजना गरिनेछ।(२),

४. लागू औषधको कुलतमा फसेका व्यक्तिहरुका लागि कुलतबाट छुटाउनका लागि तोकिएको मापदण्ड बमोजिमका सुधार गृह संचालन गर्न सहजिकरण गरिनेछ।(२),

५. सुक्ष्म निगरानी र अनुगमन गरी नियन्त्रणको कार्यमा निरन्तरता दिइनेछ।(३),

६. लागु औषध अपराधीको खोजतलास, अनुसन्धान र नियन्त्रणको विशेष कारवाहीको लागि सुरक्षा निकायको परिचालन गरिनेछ।(३),

७. सडक नाटक, अन्तरक्रिया, अभिमुखिकरण, विद्यालय र क्याम्पस उमेरका बालबालिकाहरुलाई लक्षित गरी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।(४)

८. अबैध लागु औषध विक्रि वितरण गर्ने व्यक्ति, संस्थाको पहिचाहन गरी कानुनी कारबाहीको दायरामा ल्याइनेछ ।(५)

**४. अपेक्षित उपलब्धि:-**

यो कार्ययोजना कार्यान्वयन भएपछि जिल्लामा ***अवैध लागु औषधको प्रयोग ओसारपसार एवम् बिक्रि वितरण नियन्त्रण भई शान्ति सुरक्षा व्यवस्थापनमा सकारात्मक सहयोग***पुग्ने अपेक्षा गरिएको छ।

**५. सरोकारवाला निकायहरु:-**

यस जिल्लामा लागू औषध प्रयोग एवम् ओसार-पसार र बिक्रि वितरण नियन्त्रणका लागि सरोकारवाला निकायहरु देहाय अनुसार रहेका छन्।

- ✓ जिल्ला प्रशासन कार्यालय, दैलेख
- ✓ जिल्ला प्रहरी कार्यालय, दैलेख
- ✓ सशस्त्र प्रहरी बल नेपाल, आश्रीत गुल्म दैलेख
- ✓ राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय दैलेख
- ✓ जिल्ला सरकारी वकील कार्यालय, दैलेख
- ✓ स्वास्थ्य कार्यालय दैलेख
- ✓ शिक्षा विकास तथा समन्वय इकाई, दैलेख
- ✓ ११ वटै स्थानीय तहहरु, दैलेख
- ✓ पत्रकार महासंघ, दैलेख
- ✓ गैर सरकारी संघसंस्थाहरु
- ✓ होटल व्यबसायीहरु
- ✓ औषधी विक्रेताहरु
- ✓ नागरिक समाज

| सि. नं. | लागु औषधको सेवन, ओसार-पसार एवम् बिक्रि वितरण नियन्त्रण गर्न संचालन गरिने क्रियाकलापहरु | जिम्मेबार निकाय | सहयोगी निकायहरु | समय | अपेक्षित नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लागूऔषध अपराध निषेध/नियन्त्रण एवं नियमनको क्षेत्रमा कार्यरत निकायको नक्सांकन एबम् पहिचान गरी लगत तयार गर्ने । | जिल्ला प्रहरी कार्यालय, दैलेख | सशस्त्र प्रहरी बल नेपाल, आश्रीत गुल्म देलख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख र ११ वटै स्थानीय तहहरु, | २०७६ कार्तिक मसान्त सम्म । | मुख्य क्षेत्र पहिचाहन भै नक्शा तयार हुने | |
| २ | अवैध लागु औषधको विरुद्ध क्रियाशिल संघ, संस्था एवम् निकायहरुलाई अवैध लागू औषधका कारण हुने अपराध नियन्त्रणमा परिचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय, दैलेख | जिल्ला कार्यालय, दैलेख, सशस्त्र प्रहरी बल नेपाल, आश्रीत गुल्म देलख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख । | निरन्तर | परिचालन भएको हुने | |
| ३ | सरोकारवालाहरुसंग समन्वयात्मक बैठक गर्ने तथा सहकार्यको वातावरण सृजना गर्ने । | जिल्ला प्रशासन कार्यालय, दैलेख | अन्य सबै | निरन्तर | समन्वयात्मक वातावरण सृजना हुने | |
| ४ | लागूऔषधको कारण कुलतमा फसेका व्यक्तिहरुका लागि कुलतबाट छुटाउनका लागि तोकिएको मापदण्ड बमोजिमका सुधार गृह संचालन गर्न सहजिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय, दैलेख | जिल्ला प्रहरी कार्यालय, पुनस्थापना केन्द्रहरु र गैर सरकारी संघसंस्थाहरु | निरन्तर | मापदण्ड अनुसार सुधार गृहहरु संचालन भएको हुने | |
| ५ | सुक्ष्म निगरानी र अनुगमन संयन्त्र निर्माण गरी यस्ता कार्यमा निरन्तरता दिइने । | जिल्ला प्रशासन कार्यालय, दैलेख र जिल्ला प्रहरी कार्यालय, दैलेख | जिल्ला प्रहरी कार्यालय, देलख सशस्त्र प्रहरी बल, नेपाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, | निरन्तर | सकरात्मक नतिजा आएको हुने | |
| ६ | लागु औषध अपराधीको खोजतलास, अनुसन्धान र नियन्त्रणको विशेष कारवाहीको लागि सुरक्षा निकायको परिचालन गर्ने । | जिल्ला प्रहरी कार्यालय, | सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, | निरन्तर | कार्यान्वियनमा मद्दत भएको हुने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | लागु पदार्थको सेवन, ओसारपसार र बिक्रि वितरण नियन्त्रको लागि विशेष अभियान तथा सचेतना कार्यक्रम संचालन गर्ने। | जिल्ला प्रहरी कार्यालय, देलख र शिक्षा विकास तथा समन्वय एकाई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सम्बन्धित स्थानीय तह, | निरन्तर | दुर्व्यसनीको न्युनीकरण हुने | |
| ८ | सामुदायिक प्रहरी कार्यक्रम मार्फत सडकनाटक, अन्तरक्रिया, अभिमुखिकरण, विद्यालय र क्याम्पस उमेरका बालबालिकाहरुलाई लक्षित गरी चेतनामूलक कार्यक्रम संचालन गर्ने । | जिल्ला प्रहरी कार्यालय, दैलेख सम्बन्धित स्थानीय तह | सम्बन्धित स्थानीय तह, गैर सरकारी संघसंस्थाहरु पत्रकार महासंघ | निरन्तर | जनचेतना अभिवृद्धि भएको हुने | |
| ९ | गैर कानुनी क्रियाकलापका रुपमा पहिचान भएका मुद्दाहरुलाई कानुनी दायरामा ल्याई कारवाहि गर्ने । | जिल्ला प्रहरी कार्यालय, दैलेख | जिल्ला प्रशासन कार्यालय, सरकारी वकिल कार्यालय | निरन्तर | गैरकानुनी क्रियाकलापहरु कानुनी दायरामा आएका हुने | |
| १० | गाँजा, अफिम लगायतका लागु औषधको नष्ट (फडाँनी) गर्ने । | जिल्ला प्रहरी कार्यालय, दैलेख | सशस्त्र प्रहरी बल नेपाल, आश्रीत गुल्म दैलेख | सूचना प्राप्त हुनासाथ | लागु औषध दुर्व्यसनी न्युनिकरण हुने । | |